आज मिति २०८२ साल असोज ०२ गते बिहिबारको दिन १:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलीचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को चौँथो कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १ | भद्रबहादुर राई | | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: सिसुवाखोला स्वास्थ्य चौकी तल्ला थप तथा घेराबारा निर्माण योजना को अन्तिम बिल भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. २: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. ३: Gen Z आन्दोलनमा प्राण गुमाउन भएका सहिदप्रति सम्मान तथा शोकप्रकट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ गुँरास र मातृभूमि हाइड्रोपावर आयोजना खारेज सम्बन्धी संघर्ष समितिको निवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ५:कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं.१ प्रस्ताव नं. १ उपर छलफल गर्दा श्री इशाक ग्रीन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले सिसुवाखोला स्वास्थ्य चौकी तल्ला थप तथा घेराबारा निर्माण योजना को अन्तिम बिल भुक्तानी निवेदन माग सम्बन्धमा गत वर्षको दायित्व भुक्तानी सम्बन्धमा प्राविधिक कार्यसम्पादन प्रतिवेदन र गाउँपालिकास्तरीय अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ सम्बन्धमा छलफल गर्दा यहिँ मिति २०८२/०५/२३ र २४ गते जेन जी समूहको आन्दोलनले समग्र विकास निर्माण का गतिविधिहरु प्रभावित भई गति लिन नसकेको तर दैनिक प्रशासनिक कार्यसम्पादन सन्तोषजनक नै रहेको साथै प्रशासनिक कामलाई नजिकिदै गरेको चाडपर्वको समयमा चुरुस्त पार्ने तथा विकास निर्माण लगायत दिर्घकालिन दायित्व सिर्जना हुने आयोजना निर्माण सम्बन्धमा वर्तमान संकटलाई मध्यनजर गर्दै नेपाल सरकारको आधिकारिक निर्णयलाई आधार मानेर अघि बढाउने सर्वसहमतिले निर्णय सर्वसहमतिले पारित गरियो गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ३: Gen Z आन्दोलनमा प्राण गुमाउन भएका सहिदप्रति सम्मान तथा शोकप्रकट गर्ने सम्बन्धमा छलफल गर्दा यहिँ मिति २०८२/०५/२३ र २४ गते जेन जी समूहको आन्दोलनका क्रममा सहादत प्राप्त अमर सहिदहरु प्रति मौनधारण गरी हार्दिक सम्मान तथा श्रदाञ्जली अर्पण गरियो ।साथै उक्त आन्दोलनका क्रममा यस यस सिलीचोङ गाउँपालिका वडा नम्बर ३ निवासी श्री बाल किसोर राई र अमा मालती राईको छोरा वर्ष २१ को अमर सहिद श्री प्रविण कुलुङको शव लाई मिति २०८२/०६/०१ गते नेपाली सेनाको हेलिकप्टर मार्फत गाउँपालिकाको कार्यालयमा ल्याई राष्ट्रिय झण्डा तथा फुल मालासहित सम्मानका साथ श्रदाञ्जली र शवयात्रा गरी सहिद को घरसम्म पुर्याएर सदगत गरियो तथा यसै सिलीचोङ गाउँपालिका वडा नम्वर ५ स्थायी ठेगाना भई हाल धरान उपमहानगरपालिका वडा नं. ५ बसोवास गर्दै आएका सहिद साजन मेवाहाङ लाई हाल बसोवास गरिरहेकै स्थानमा सदगत गरेको विषयलाई हार्दिक सम्मानका साथ कार्यपालिकाले अनुमोदन गर्ने सर्वसहमितिले निर्णय पारित गरियो ।

निर्णय नं.४ प्रस्ताव नं. ४ गुँरास र मातृभूमि हाइड्रोपावर आयोजना खारेज सम्बन्धी संघर्ष समितिको मिति २०८२ साल भाद्र २६ गते निवेदन सम्बन्धमा पालिकाले पटक पटक छलफल र समन्वय गर्दा पनि ठोस निष्कर्षमा पुग्न नसकिएकोले सो को सम्बन्धमा थप समन्वयको लागि श्री जिल्ला समन्वय समितिको कार्यालय,संखुवासभा र श्री जिल्ला प्रशासन कार्यालय,संखुवासभा मा पत्राचार गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ :कर्मचारी व्यवस्थापन सम्बन्धमा छलफल गर्दा वडा नम्बर ३ र वडा नम्बर १ मा कार्यरत स्वीकृत दरबन्दिमा कार्यरत करार सब-इन्जिनियर क्रमशः श्री गौतम राई र श्री गोकुल राईको स्थायी कर्मचारी बढुवा नियुक्ति भई पदस्थापन भएकोले सो सम्बन्धमा करार सम्झौतामा उल्लेखित शर्तबमोजिम स्थायी बढवा नियुक्ति भई पदस्थापन भएको दिन देखि नै करार सम्झौता रद्ध गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।